नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय

फोनः ०१-४४१२४३२, ०१-४४१२७३७
Ext: ०१-४४११२१०, १०२,११५,११६
फ्याक्स : ०१-४४१५५९३
पो.ब.नं. ४०७
नक्साल, काठमाण्डौ

पत्र संख्याः (२०७४/०७५) च.नं.
प्रा.प.सं. :

मितिः २०७५।०३।३२ गते।

विषयः प्रेस विज्ञप्ति।

## "विदेश फरार भएका प्रतिवादी पक्राउ"

जिल्ला सिन्धुली मनिणठाकुर गाँउपालिका वडा नं. ४ बस्ने सुपलाल थिङको छोरा वर्ष ३१ को, पासपोर्ट नं ०६३०५८७० बाहक, सिंह लाल थिङले मिति २०७४।०६।२२ गते २५ वर्षीय *बर्दिवास २१ महोत्तरी* (परिवर्तित नाम) लाई विदेशबाट सामान ल्याई दिएको बहानामा बर्दिवास बजारस्थित होटल विनायकमा लिएर गई विभिन्न धाकधम्की डर त्रास देखाई जवरजस्ती करणी गरेको भनी ईलाका प्रहरी कार्यालय बर्दिवास, महोत्तरीमा मिति २०७४।०६।२५ गते दर्ता भएको जवरजस्ती करणी मुद्दाका फरार प्रतिवादीको खोजतलास तथा अनुसन्धानको सिलसिलामा विदेश गएको हुनसक्ने भरपर्दो सूचना प्राप्त भएकोले मिति २०७४।०९।२६ गते प्रहरी प्रधान कार्यालय ईन्टरपोल शाखा मार्फत डिफ्युजन नोटिस जारी गरिएको थियो।

INTERPOL सँगको समन्वय र INTERPOL U.A.E. (संयुक्त अरव इमिरेट्स प्रहरी) को सहयोगमा निज प्रतिवादी सिंह लाल थिङलाई मिति २०७५।०३।३१ गते नेपाल ल्याई आज मिति २०७५।०३।३२ गते आवश्यक कानूनी कारवाहीको लागि ई.प्र.का. बर्दिवास, महोत्तरी पठाइएको व्यहोरा जानकारी गराइन्छ।

प्रहरी वरिष्ठ उपरीक्षक
( शैलेश थापा क्षेत्री )
केन्द्रीय प्रहरी प्रवक्ता